# श्री चरुङ्गे सामुदायिक वन उपभोक्ता समूह

## मध्यबिन्दु नगरपालिका वडा नं. - १४, नवलपरासी (ब.सु.पू.)

पत्र संख्याः-

चलानी नं.

**बिषयः- गोलिया काठ/दाउरा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना।**

*प्रथम पटक प्रकाशित मिति २०८३/०३/०३*

प्रस्तुत बिषयमा डिभिजन वन कार्यालय नवलपुरको च.नं. २४६१ मिति २०८३/०३/०२ को लिलाम सहमती पत्रानुसार यस सामुदायिक वन को स्वीकृत वन ब्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा कटान मुछान गरी घाटगद्दीमा रहेको साल जातको तपशिल बमोजिमको गोलिया काठ/दाउरा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रिका लागि प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ। नियमानुसार सूचिकृत भएका स:मिल र काठ दाउराको कच्चा पर्दाथको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाई उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र फारम खरिद गरी देहायका शर्त बमोजिम शिलवन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिएको छ।

**तपशिल**

१. वन पैदावारको विवरण

| क्र.सं. | लट नं. | प्रजाती/किसिम | ईकाई | ग्रेड | थान | परिमाण | न्यूनतम मूल्य प्रति ईकाई (रु.) | न्यूनतम मूल्य रु. (मू.अ.कर बाहेक) | संकलन खर्च (रु.) | घाटगद्दी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | १ | साल/गोलिया | क्यू.फि. | A | ५ | ५६.९२ | १,२५०/- | ७१,१५०/- | प्रति क्यू.फि. रु. २५०/- | चुली वन क्षेत्र | पाईल नं. १ |
| | | | | B | २९ | २४०.३९ | ९००/- | २,१६,३५१/- | | | |
| | | | | C | ५९ | २६४.४७ | ६००/- | १,५८,६८२/- | | | |
| | | | | D | २ | ४.४३ | ३००/- | १,३२९/- | | | |
| जम्मा | | | | | ९५ | ५६६.२१ | | ४,४७,५१२/- | | | |
| २: | १ | साल जातको दाउरा (२०' X५'X ५' साईजको) | | | | १ चट्टा | १२,०००/- | १२,०००/- | | | |
| लट नं. १ को कुल जम्मा | | | | | | | | ४,५९,५१२/- | | | |
| ३. | २ | साल/गोलिया | क्यू.फि | A | १० | १५८.२५ | १,२५०/- | १,९७,८१३/- | प्रति क्यू.फि. रु. २५०/- | चुली वन क्षेत्र | पाईल नं. २ |
| | | | क्यू.फि | B | २८ | २३०.४८ | ९००/- | २,०७,४३२/- | | | |
| | | | क्यू.फि | C | ९२ | ४१९.९१ | ६००/- | २,५१,९४६/- | | | |
| | | | क्यू.फि | D | २ | ४.२७ | ३००/- | १,२८१/- | | | |
| लट नं. २ को जम्मा | | | | | १३२ | ८१२.९१ | | ६,५८,४७२/- | | | |

२. बोलपत्र दाखिला वा पेश गर्नुपर्ने अन्तिम मिति र समय
   (क) बोलपत्र खरिद गर्ने मिति र समयः- २०८३/०३/२१ गते कार्यालय समय सम्म
   (ख) बोलपत्र पेश गर्ने मिति र समयः- २०८३/०३/२२ गते कार्यालय समय सम्म
   (ग) बोलपत्र खोल्ने मिति र समयः- २०८३/०३/२५ गते दिनको २:०० बजे
   (घ) बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट हुनेछ।

३. बोलपत्र फाराम दस्तुर प्रति लटको लागि रु. १,०००/- (एक हजार रुपैया पछि फिर्ता नहुने गरि) बुझाई यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय नवलपुरबाट खरिद गर्न सकिने छ।

४. लिलाममा भाग लिन ईच्छुक बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण-पत्र, फर्म दर्ता तथा नविकरणको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर/ स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र काठ/दाउरामा आधारित उद्योग सूचिकृत प्रमाण-पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्ने छ। खाममा फर्मको नाम, शिल (लाहाछाप) को किसिम र थान अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ। उल्लेख नगरिएको बोलपत्र दर्ता गर्न बाध्य हुने छैन।

५. बोलपत्र साथ कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस सामुदायिक वन उपभोक्ता समूहको सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड, अरुणखोला शाखामा रहेको खाता नं. १४८०१००००४३५२०१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा ६ महिना म्याद रहेको सक्कलै बैंक जमानत पत्र पेश गर्नुपर्ने छ।

६. डिभिजन वन कार्यालय नवलपुरमा पेश भएका शिलबन्दी बोलपत्रहरु प्राप्त भएपछि मात्र बोलपत्र खोलिने छ। रीत पूर्वक पर्न आएका शिलबन्दी बोलपत्रहरु मिति २०८३/०३/२५ गते दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन। उल्लेखित समय पछि आएका बोलपत्र फारामलाई लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम, संकलन खर्च, मूल्य अभिबृद्धि कर, अग्रीम आयकर र प्रदेश सेवा शुल्क बुझाई लिलाम सकार गरेको वन पैदावार तोकिएको अवधि भित्र जे जस्तो अवस्थामा छ उठाई लैजानु पर्ने छ। समय भित्र दाखिला नगरेमा वा लिलाम सकार गरेको वन पैदावार लैजान ईन्कार गरेमा धरौटी स्वरुप दाखिला गरेको रकम जफत गरी नियमानुसार दोश्रो लिलाम सकार गर्ने बोलपत्रदाताको धरौटी लिई उपरोक्त बमोजिमको शर्तहरुको अधिनमा रहि लिलाम सदर हुनेछ।

८. बोलपत्र सकार गरेको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

९. बोलपत्र सदर गर्ने वा नगर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहने छ। यसमा उल्लेखित कुनै बिषयमा अस्पष्ट भएमा प्रचलित ऐन तथा नियम र सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ मा ब्यवस्था भए बमोजिम हुने छ।

१०. अन्य थप जानकारीको लागि डिभिजन वन कार्यालय नवलपुर र समूहमा सम्पर्क राखी जानकारी लिन सकिने छ।

यम बहादुर ढेंगा
(अध्यक्ष)
सम्पर्क नं. ९८६६६९६३७०